नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन शाखा)

☎ ०९१-५२११०२ ☎ ०९१-५२२६४६
✉ daokailali@moha.gov.np
🌐 daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi
धनगढी,कैलाली

प.सं. ०७८।७९
च.नं. ४४५२

मिति:-२०७८।१२।२९

विषय-: जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय पठाईएको बारे ।

श्री स्थानीय तह सबै, कैलाली ।
श्री नेपाली सेना देवीदल गण, तेघरी ब्यारेक, अत्तरिया कैलाली ।
श्री जिल्ला प्रहरी कार्यालय कैलाली ।
श्री सशस्त्र प्रहरी बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलाली ।
श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय कैलाली ।
श्री स्वास्थ्य कार्यालय धनगढी कैलाली ।
श्री नेपाल रेडक्रस सोसाईटी जिल्ला कार्यालय धनगढी ।
श्री विषयगत कार्यालय सबै, कैलाली ।
श्री विपद्सँग सम्बन्धित संघसंस्थाहरु सबै, कैलाली ।
श्री नेपाल पत्रकार महासंघ, कैलाली ।

उपर्युक्त विषयमा मिति २०७८/१२/२९ गते प्रमुख जिल्ला अधिकारी श्री किरण थापाज्यूको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट भएको निर्णय पाना-३ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

श्री विपद व्यवस्थापन शाखा
अध्ययन गरी आ.का. हुन ।
Bhati
०७८/१२/३०

०७८/१२/२९
शिवराज जोशी
प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका
दर्ता नं. १०४०६
मिति :
दस्तखत : ०७८/१२/३०



Scanned with CamScanner

निर्णय:-

१ गृह मन्त्रालय, आर्थिक प्रशासन शाखाको च.नं. ४०२, मिति २०७८/११/०२ गतेको पत्रसाथ प्राप्त अख्तियारी रकम रु. ७ करोड र च.नं. ४८४, मिति २०७८/१२/१४ गतेको पत्रसाथ प्राप्त अख्तियारी रकम रु. १४ करोड ९७ लाख गरि जम्मा रु. २१ करोड सन्तानब्बे लाख राहत रकम प्राप्त भएकोमा उक्त पत्र समितिको बैठकमा पेश गरियो । तत सम्बन्धमा उक्त रकम सबै प्रभावितहरुलाई बैमौसमी वर्षाको कारण धानबालीमा क्षति पुगेका किसानहरुलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८ बमोजिम वितरण गर्न अपुग हुने भएकोले प्राप्त रकमको आधारमा प्रथम चरणमा साना किसानहरुलाई प्रतिकट्ठा रु. ३१५।- (तीन सय पन्ध्र मात्र) का दरले हुने जम्मा रकम रु. ८,३५,१४,३७५।-(आठ करोड पैतिस लाख चौध हजार तीन सय पचहत्तर मात्र), मझौला किसानहरुलाई प्रति कट्ठा रु. १२५।- (एक सय पच्चिस मात्र) का दरले हुने जम्मा रकम रु. १२,११,९९,२५०।-(बाह्र करोड एघार लाख उनान्सय हजार दुई सय पचास मात्र) र ठुला किसानहरुलाई प्रति कट्ठा रु. ७५।- (पचहत्तर मात्र) का दरले हुने जम्मा रकम रु. १,४२,९८,७५०।- (एक करोड बयालिस लाख अन्ठानब्बे हजार सात सय पचास मात्र)का दरले सम्बन्धित किसानहरुको बैंक खातामा पठाउने । थप अपुग रकमको लागी संघ तथा प्रदेश सरकारसँग अनुरोध गर्ने ।साथै ६० दिन भित्र रकम वितरण गरिसक्नुपर्ने भनि निर्देशन भएकोमा उक्त समयमा रकम वितरण गर्न नसकिने भएकोले थप ३० (तीस) दिन समयावधिको लागि गृह मन्त्रालयमा अनुरोध गर्ने ।

२ जिल्लाका विभिन्न स्थानमा घटेका विपद्का घटना (आगलागी र बाढी) बाट प्रभावित भएका २ जनालाई वितरण गरिएको राहत वापतको रकम रु. ३४,०००।- (चौंतीस हजार मात्र) र यस जिल्लाको गोदावरी नगरपालिका वडा नं. ०८ बस्ने गणेश आउजीको बाढीले बेपत्ता भई मृत्यु भएकोमा निजको हकदार पत्नी शारदा आउजी लाई राहत वापत उपलब्ध गराईएको रकम रु. २ लाख र शितलहर, चिसोबाट प्रभावितहरुका लागि कम्बल तथा न्यानो कपडा खरिद गरि वितरण गरिएको रु. ४,९७,०००।- (चार लाख सन्तानब्बे हजार मात्र) र हावाहुरीमा रुखले च्यापिएर मृत्यु भएका घोडाघोडी नगरपालिका वडा नं. ४ बस्ने जलादेवी रावतको पति रंग रावतलाई सुदूरपश्चिम प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त राहत वापत रु. १ लाख रकम समेतलाई समर्थन गर्ने र आगामी दिनमा पनि यस समितिको बैठकबाट पछि समर्थन गर्ने गरि विपद पीडितलाई स्वीकृत मापदण्ड भित्र रहि राहत उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय कैलालीलाई कार्यदिश दिने ।

३ विगतका वर्षहरु झैं यस वर्ष पनि बाढी पूर्वतयारीका लागि सबै स्थानीय तहहरू, राजनैतिक दल, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघसंस्था, पत्रकार, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी जिल्ला अगुवा सहयोगी संस्था, संयुक्त राष्ट्रसंघीय निकाय लगायत सरोकारवाला सबैले आ-आफ्नो तयारीका साथ विपद् व्यवस्थापन समितिको समन्वयमा बाढी पूर्वतयारीका गतिविधिहरुमा सक्रिय रुपमा लाग्न अनुरोध गर्ने ।

४ हावाहुरी र आगलागीबाट हुने सबने नोक्सानीको पूर्वतयारी तथा प्रतिकार्य योजनाको लागि सबै स्थानीय तहहरुलाई अनुरोध गर्नुका साथै दमकल भएका स्थानीय तहहरुले दमकललाई चालु अवस्थामा राखे ।

Scanned with CamScanner